म.जि.प्र.का दर्ता न: १०४/०६७/०६८

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २६७ २०८० भदौ ६ गते बुधबार 23 August 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)

हेटौंडा-१, ब्लडबैंकअगाडि

## आमा बन्दै किशोरी

# हेटौंडा अस्पतालमा साउनमा ५७ जना सुत्केरी

समाज संवाददाता

हेटौंडा: हेटौंडा अस्पतालमा साउन महिनामा ४ सय गर्भवती सुत्केरी हुँदा २० वर्षभन्दा कम उमेरका ५७ जना सुत्केरी भएका छन् । हेटौंडा अस्पतालको प्रसुती वार्डमा सामान्य अवस्थामा सुत्केरी हुने २ सय ६९ जना मध्ये ४५ जना २० वर्षभन्दा कम उमेरका छन् भने १ सय ३१ जनाको शल्यक्रिया गरी सुत्केरी गराउँदा १२ जना २० वर्षभन्दा कम उमेरका छन् ।

हेटौंडा-१२ की एक किशोरीले २० वर्षको उमेरमा तेस्रो सन्तान जन्माएकी छिन् । यस्तै हेटौंडा-१ की १८ वर्षीया तीन किशोरी, १९ वर्षीया एक किशोरी र हेटौंडा-६ की एक १९ वर्षीया किशोरीले दोस्रो सन्तान जन्माएका छन् । हेटौंडा उपमहानगरका २९ जना किशोरीले २० वर्षभन्दा कम उमेरका साउन महिनामा हेटौंडा अस्पतालमा प्रसुती सेवा लिएका छन् । २५ जनाले सामान्य सुत्केरी सेवा लिएका छन् भने ४ जनाको शल्यक्रिया गरी शिशु निकालिएको छ ।

हेटौंडा उपमहानगरपछि बारा जिल्लाका १० जना २० वर्षभन्दा कम उमेरका किशोरीले साउन महिनामा हेटौंडा अस्पतालमा सन्तान जन्माएका छन् । बाराका ४ किशोरीले सामान्य अवस्थामा सन्तान जन्माएका छन् भने ६ किशोरीको शल्यक्रिया गरी शिशु निकालिएको छ । मनहरी गाउँपालिकाका ६, बकैया गाउँपालिकाका ४, बागमती गाउँपालिकाका २, भीमफेदी गाउँपालिकाका २, मकवानपुरगढी गाउँपालिका, सिन्धुली, सर्लाही र पर्सा जिल्लाका २० वर्षभन्दा कम उमेरका एक/एक जना किशोरीले हेटौंडा अस्पतालमा सन्तान जन्माएका छन् । नेपालको कानुनले २० वर्षभन्दा कम उमेरमा विवाह गर्नुलाई दण्डनीय अपराध ठहऱ्याए पनि २० वर्ष भन्दा कम उमेरमै आमा बन्ने किशोरीको संख्या भने उल्लेख्य रहेको छ ।

हेटौंडा अस्पतालमा अहिले ५ जना महिला तथा प्रसुती स्वास्थ्य विशेषज्ञ हुनुहुन्छ । डा. राम काजी महर्जन, डा. राघवेन्द्र ठाकुर, डा. विदुर भण्डारी, डा. ज्योति मुडभरी, डा. अस्मिता ओली र डा. प्रशान्त शर्मा महिला तथा प्रसुती स्वास्थ्य विशेषज्ञको रुपमा हेटौंडा अस्पतालमा कार्यरत हुनुहुन्छ । आकस्मिकरुपमा २४ घण्टा नै शल्यक्रिया सेवा प्रदान गर्दै आएको हेटौंडा अस्पतालले मंगलबार र शुक्रबार प्रसुतीतर्फ शल्यक्रिया सेवा सञ्चालन गर्दै आएको छ । साउन महिनामा ९९ गर्भवतीको आकस्मिक शल्यक्रिया गरिएको छ भने ३२ जनाको नियमित तालिकामा शल्यक्रिया गरिएको छ ।

हेटौंडा अस्पतालमा एकैदिन १४ जना गर्भवतीको शल्यक्रिया गरिएको अस्पतालका अधिकारीले जनाएका छन् । हेटौंडा अस्पतालमा नवजात शिशुका लागि अति सघन उपचार कक्ष (एनआईसीयु) नभएका कारण प्रसुतीपछि तत्कालै नवजात शिशुमा देखापर्ने समस्या जटिल हुने गरेको छ । एनआईसीयुकै अभावमा साउन महिनामा ५ नवजात शिशु र सुत्केरीलाई अन्यत्र रिफर गर्नुपरेको थियो ।

## उपमहानगरले हेटौंडा अस्पताललाई ८० लाख रुपैयाँ दिने



*सम्झौतापत्रमा हस्ताक्षरपछि सामूहिक तस्वीर खिचाउँदै ।*
*तस्वीर सौजन्य: नगरप्रमुखको सचिवालय ।*

हेटौंडा: हेटौंडा अस्पतालमा मातृशिशु सेवा भवन निर्माणका लागि हेटौंडा उपमहानगरपालिकाले ८० लाख रुपैयाँ दिने भएको छ । मंगलबार हेटौंडा उपमहानगरपालिका र हेटौंडा अस्पताल व्यवस्थापन तथा विकास समितिबीच सहयोग हस्तान्तरणसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

मातृशिशु स्वास्थ्य सेवालाई विस्तार गर्ने गरी हेटौंडा उपमहानगरपालिकाले हेटौंडा अस्पताललाई सहयोग गरेको हो । यसअघि हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले छुट्टै मातृशिशु अस्पताल सञ्चालन गर्ने बताउँदै आउनुभएको थियो । छुट्टै मातृशिशु अस्पताल सञ्चालन सम्भव नहुने नदेखेपछि उपमहानगरले हेटौंडा अस्पतालको मातृशिशु स्वास्थ्य सेवामै सहयोग गरी सेवा विस्तारको प्रयास गर्न लागेको हो ।

हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको सचिवालयले हेटौंडा अस्पताल र हेटौंडा उपमहानगरपालिकाबीच मंगलबार मातृशिशु स्वास्थ्य सेवा विस्तार सम्बन्धी सम्झौता भएको जानकारी गराएको छ । हेटौंडा उपमहानगरपालिकाले उपलब्ध गराउने ८० लाख रुपैयाँबाट चालु आर्थिक वर्षको चैत महिनाभित्रै भवन निर्माणको कार्य पूरा गर्नुपर्नेछ । हेटौंडा अस्पताल व्यवस्थापन तथा विकास समितिका अध्यक्ष राजेश प्रसाईं र उपमहानगरपालिकाको पूर्वाधार विकास महाशाखाका प्रमुख सत्यनारायण साहले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको छ ।

सम्झौतापत्रमा हस्ताक्षर गर्ने कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, वडा अध्यक्षहरुको पनि उपस्थिति रहेको थियो ।

# प्रदेश सभा बैठक भदौ १७ गते बोलाउने निर्णय, चित्रकारलाई उद्योग मन्त्रालय

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशको मन्त्रीपरिषद् बैठकले प्रदेश सभाको बैठक भदौ १७ गते बोलाउने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रीपरिषद् बैठकले प्रदेश सभा बैठक भदौ १७ गते दिनको १ बजेका लागि बोलाउने निर्णय गरेको हो । विभिन्न १२ बुँदामा निर्णय गरेको मंगलबारको बैठकले बिना विभागीय मन्त्री रामकृष्ण चित्रकारलाई उद्योग, बाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको जिम्मेवारी दिने निर्णय भएको छ ।

बैठकले प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्ने निर्णय समेत गरेको छ । प्रदेशमा नेवारी र तामाङ भाषालाई कामकाजी भाषाको रुपमा प्रयोगमा ल्याउन नेवार र तामाङ समुदायले दबाव दिँदै आएको थियो । भाषा आयोगले समेत कामकाजी भाषाको रुपमा नेवारी र तामाङ भाषालाई प्रयोग गर्न सिफारिस गरेको छ । प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन विधेयक प्रदेश सभामा पेश गर्ने निर्णय पनि मन्त्रीपरिषद्ले गरेको छ ।

मन्त्रीपरिषद् बैठकले प्रदेश ऐन, कार्यविधि संशोधन विधेयक प्रदेश सभामा पेश गर्ने निर्णय पनि गरेको छ । प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन-२०७५ लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश स्वास्थ्य सेवा ऐन-२०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्ने निर्णय गरेको छ ।

यस्तै बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० स्वीकृत गरेको छ भने प्रदेश विपद् व्यवस्थापन परिचालन कोष कार्यविधि, ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि निःशुल्क हवाई उद्दार सेवा सम्बन्धी कार्यविधि-२०८० र प्रदेश आन्तरिक पर्यटन काज सम्बन्धी मापदण्ड, २०८० लाई स्वीकृत गर्ने निर्णय गरेको छ ।

बैठकले सिन्धुपाल्चोकको बलेफी गाउँपालिकाको वडा सङ्ख्या तथा सिमाना हेरफेरका लागि संघीय सरकारमा पठाउने निर्णय पनि भएको छ ।

### प्रधानन्यायाधीशको पहिलो निर्णय

## स्वचालित प्रणालीबाट तारिख

काठमाडौं: प्रधानन्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठले पदबहाल गरेलगत्तै स्वचालित प्रणालीबाट पेशी तथा तारिख व्यवस्थापन गर्ने निर्णय गरेका छन् । मंगलबार शीतलनिवासमा राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथ लिएपछि उनी सर्वोच्च अदालत पुगेर पदबहाल गरेका थिए । पदबहाल लगत्तै उनले स्वचालित प्रणालीबाट तारिख व्यवस्थापन गर्ने निर्णय गरेका हुन् । 'मुद्दाका पक्षहरुले कहिले तारिख लिने भन्ने बारेमा यसअघि कर्मचारीहरुले नै निर्णय गर्ने व्यवस्था थियो' सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले भने, 'अब स्वचालित प्रणालीले नै तारिख तोक्नेछ । मुद्दाको प्रकृति, सम्बन्धित दिनमा मुद्दाको चाप, मुद्दाको पालो आउने बार लगायतका आधारमा स्वचालित प्रणालीले आफैं तारिखको दिन तोक्नेछ ।' मुद्दाको तारिख दिने क्रममा कतिपय सेवाग्राहीले गुनासो र शंका गर्थे । स्वचालित प्रणाली सुरू गरेपछि त्यो पनि कम हुने अपेक्षा रहेको प्रवक्ता पौडेलले बताए । स्रोत: अनलाइनखबर ।

**सूचना ! सूचना !! सूचना !!!**

**यहि आउँदो भदौ १६ गते काठमाडौँ शहिद गङ्गालाल हृदय केन्द्र काठमाडौँबाट वरिष्ठ मुटु रोग विशेषज्ञ डा. बिवेक बानिया आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप (High blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नु होला ।**

**हाम्रो सेवाहरू**

- Echo (मुटुको video X-ray) सेवा
- ECG, video X-ray सेवा
- प्याथोलोजी सेवा
- फिजियो थेरापी सेवा
- दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- छाला तथा यौन रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुति सेवा सम्बन्धि
- नाक, कान तथा घाँटी रोग सम्बन्धि सेवा

Sancho Hospital Pvt. Ltd.

**सम्पर्क: मकवानपुर पोलिक्लिनिक**

हेटौंडा-१, भिन्तुनापथ

०५७-५२५८०१, ९८४५२३७६११, ९८०७१३१३६४

(सन्चो हस्पिटल अगाडी, मकवानपुर सहकारी हस्पिटल सङ्गै)

## बाढी/पहिरो जस्ता विपद्को जोखिमबाट बच्न र बचाउन हार्दिक अनुरोध

**बाढी/पहिरो नियन्त्रणका तत्कालीन उपाय**

- आफ्नो गाउँघरका माथिल्ला भागबाट गहिरो कुलो काटी पानीको उचित व्यवस्थापन गर्ने ।
- कतै जमिन चिरा परेको देखेमा त्यसभित्र पानी नछिर्ने गरी टाल्ने ।
- आफ्नो घर तल-माथिको जमिन तथा घरभित्र गहिरो चिरा परेको भएमा तुरुन्त सुरक्षित स्थानमा गएर बस्ने ।
- पानीको बहाव बढ्दै ढुङ्गा माटो कटान गरेमा आफू भन्दा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिने ।
- भूकम्पको धक्काले आफ्नो घरवरपर कत्तिको क्षति गरेको छ त्यसको राम्रोसँग निगरानी गर्ने ।
- पहिरो कटान र यसले गर्ने क्षतिको आंकलन गरी विकास निर्माणका कामहरू, जस्तै- बाटो खन्ने, ढुङ्गा निकाल्ने, कुला तथा नहर बनाउने ।

बाढीबाट जोगिन नदी तटीय क्षेत्रमा बस्न हुन्न ।
होचो भूभागमा आवातजावत गर्न हुन्न ।
गाउँ र वस्तीमा बाढी आयो भने उचो भूभागमा जानुपर्छ ।
समूहमा बस्नुपर्छ ।
उचो भूभागमा जाने ठाउँ छैन भने आफ्नो घरको पहिलो, दोस्रो तल्ला वा छतमा बस्न सकिन्छ । छतमा पनि बस्न सक्ने अवस्था भएन भने बाहिरबाट गएका उद्धार टोलीलाई आफ्नो समस्या भन्नुपर्छ ।
बाढी पूर्वानुमान शाखाको पैसा नलाग्ने नम्बर ११५५ मा फोन गरेर कता बाढी जाँदैछ भन्ने थाहा पाउन सकिन्छ ।
संचारमाध्यमबाट आएको सूचनालाई आधार बनाएर सतर्क हुनपर्छ ।
सूचना अनुसार सुरक्षित ठाउँको पहिचान पहिले नै गर्ने र बाढी आइहाले त्यो ठाउँमा जानुपर्छ ।
ठूलो पानी परेपछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाउनुपर्छ ।
पहिले पहिरो गएका ठाउँमा फेरि पनि पहिरो जाने संभावना धेरै हुने भएकाले त्यस्ता ठाउँको पहिचान गर्नुपर्छ ।
घर भत्किएर जनधनको क्षती हुने भएकाले घर बाहिर निस्किएर बस्नुपर्छ ।
ठूलो पानी परिरहे जोखिमयुक्त क्षेत्र नजिक भए नसुती चनाखो भै बस्नुपर्छ ।

**भीमफेदी गाउँपालिका**
**मकवानपुर**

DURBAR AGROMART

We Are Open

DURBAR MART

Hetauda–4, Shitalmahal road




के तपाईं आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

समृद्ध समाज राष्ट्रिय दैनिक

Email:sambridhasamaj@gmail.com

## सम्पादकीय

# अनुगमनसँगै कारबाही होस्

चाडपर्वको समय सुरु भएको छ । जब चाडपर्व नजिकिँदै जान्छ, अनि मौसमी बजार अनुगमन सुरु हुन्छ । सरकारी अनुगमन संयन्त्र सक्रिय बनाइन्छ, केही दिन केही व्यवसायको अनुमगन हुन्छ । अनुगनका क्रममा खाद्यान्न तथा किराना पसलमा अखाद्य वस्तु, उपभोग्य मिति नाघेका वस्तु, कम तौल भएका वस्तु, बिना लेबलका बस्तुहरु भेटिन्छन् । होटल तथा मिठाई पसलमा बासी खानेकुरा, अस्वस्थकर खानेकुरा, फोहोर भेटिन्छन् । माछामासु पसलमा पनि समस्या धेरै पाइन्छ । औषधी पसल र क्लिनिकहरुमा पनि थुप्रै अनियमितता पाइन्छ । बजारमा रहेका जुनसुकै वस्तु तथा सेवा प्रदायक व्यवसायको अनुगमन गर्दा केही न केही समस्या पाइने गरेको छ । तर, यसरी आक्कलझुक्कल गरिने अनुगमनका क्रममा थुप्रै त्रुटी एवम् अनियमितता पाइने भए पनि एकाधबाहेक कारबाही हुने गरेको छैन । कतिपय व्यवसायीले अनुगमनका क्रममा दिएका निर्देशनलाई अवज्ञा गर्नुका साथै कारबाहीलाई नै चुनौती दिँदासमेत सरकारी नियमनकारी निकाय निरिह बन्ने गरेको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले आइतबार र सोमबार हेटौंडा बजार अनुगमनका क्रममा दुईवटा मिठाई पसलमा शिल गरेको थियो । अनुगमनका क्रममा अत्यधिक फोहर र असुरक्षित भण्डारण एवम् बिक्री वितरणको अवस्था पाइएपछि हेटौंडा-१०, मेनरोडस्थित जय शम्भु मिष्ठान्न भण्डार र हेटौंडा-४, कान्तिराजपथस्थित चन्दन स्वीट्स एण्ड बेकरीमा शिल गरेको थियो । स्थानीय प्रशासन, स्थानीय सरकार र सुरक्षा निकायको समेत सहभागितामा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाको संयोजनमा भएको अनुगमनका क्रममा कमीकमजोरी भेटिएपछि गरिएको शिललाई बेवास्ता गर्दै व्यवसायीले पसल सुचारु राखेका थिए । व्यवसायीले अनुगमन टोलीले टाँस गरेको सूचनासमेत च्यातेका थिए । उपभोक्ताको हित प्रतिकूल हुनेगरी व्यवसाय गर्ने व्यवसायीले सरकारी अनुगमन संयन्त्रको निर्देशनको अवज्ञा गर्दै शिल गरिएको व्यवसाय सुचारु गर्नुलाई सामान्यरुपमा लिन सकिँदैन । यसले व्यावसायिक क्षेत्रमा दण्डहिनता बढ्नुका साथै उपभोक्ता थप पीडित बन्ने अवस्था देखिएको छ ।

अन्य समयभन्दा चाडपर्वको समयमा बजार अनुगमनले निकै प्राथमिकता र चर्चा पाउने गरेको छ । बजारमा अन्य समयभन्दा चाडपर्वको समयमा उपभोक्ताको चहलपहल बढी हुने र व्यवसायीले बढी अनियमितता गर्नसक्ने सम्भावनाको आधारमा चाडपर्वको समयमा अनुगमनलाई तिब्रता दिनु सान्दर्भिक भए पनि बजार अनुगमन नियमित हुनुपर्छ । बजारमा बेथिति र अनियमितता सधैं हुन सक्छ । नियमनकारी निकायले सधैंभरि बजार अनुगमन गरेर प्रभावकारी कारबाही गर्न सकेमा बजारमा हुने अनियमितताबाट उपभोक्ता पीडित बन्नु पर्दैनथ्यो । मौसमी अनुगमन र झारा टार्ने कारवाहीले व्यावसायिक क्षेत्रको अनियमितता हट्न सक्दैन । अनुगमन र कारबाहीलाई नियमित बनाइँदामात्र पनि उपभोक्ता र व्यापारी धेरै सचेत हुन्छन् ।

हरेक क्षेत्रलाई जाँच्ने र सन्तुलनमा राख्ने काम नियमनकारी निकायको हो । बजार अनुगमनका लागि कुनै अवसर र चाडबाड कुरिरहनु पर्दैन । बजार अनुगमन गर्ने जिम्मेवारी पाएका सरोकारवाला निकायहरु खाद्य तथा गुण नियन्त्रण कार्यालय, गुणस्तर तथा नाप तौल विभाग, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला प्रशासन कार्यालय, प्रहरी, पशु तथा कृषिका विषयगत कार्यालयहरु र सम्बन्धित पालिका सदैब चनाखो र जागरुक बनेर अनुगमनलाई नियमित बनाउनुपर्छ । साथै, उपभोक्ताको हकहितका लागि खोलिएका संघ संगठनहरु, उद्योगी-व्यवसायीका संघसंगठनहरु पनि अनुगमनको लागि सरोकारवाला निकाय हुन् । नियमित र निरन्तर बजार अनुगमन गरेर उपभोक्ताको हकहितमा क्रियाशील रहनुपर्ने यस्ता निकायहरु सक्रिय हुन नसक्दा उपभोक्ता मार मा पर्ने गरेका छन् । आम उपभोक्ता सचेत हुन नसकेको फाइदा उत्पादक तथा व्यापारीले उठाउने परिपाटीको अन्त्यका लागि नियमित अनुमगन र प्रभावकारी कारबाही आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : हाँके ताकेका काममा सफलता प्राप्त योग रहने छ ।
**वृष** : अचल सम्पतिका विषयमा लगानी बढ्ला ।
**मिथुन** : यात्रामूलक कामबाट लाभ प्राप्त हुने समय छ ।
**कर्कट** : बौद्धिक क्रियाकलापमा सरिक भइने समय छ ।
**सिंह** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**कन्या** : वैदेशिक र पारिवारीक कामहरु ठिकै रहलान् ।
**तुला** : कार्यक्षेत्र र प्रशासनिक क्षेत्रमा सफलता प्राप्त ।
**वृश्चिक** : परीक्षा प्रतियोगितामा सफलता प्राप्त होला ।
**धनु** : दीन दु:खीको सहयोगले भाग्यबल बढ्ने समय छ ।
**मकर** : आर्थिक बोझले पीडा पुग्ने समय योग छ ।
**कुम्भ** : समस्या र चुनौतिसँग जुध्नु पर्ने समय छ ।
**मीन** : स्वास्थ्य स्थितिमा सुधार आउने समय छ ।

# हेटौंडाको फोक्सो क्षयीकरण



**सरोज राई**

हेटौंडा एक सुन्दर नगर हो । यसमा कुनै पनि सन्देह छैन । अहिले त झन् बागमती प्रदेशको राजधानी भएकोले गर्वित महसुस हुन्छ । हेटौंडा एक दुन हो जहाँ दक्षिणमा चुरे पहाड उत्तरमा महाभारत पर्वतले शितलता दिइरहेको छ भने सुन्दर राप्ती नदी र कर्रा खोलाले सिञ्चित गरेको छ । तर हेटौंडाको मुटुमा अवस्थित वन विज्ञान अध्ययन संस्थानको घना वन क्षयीकरण हुँदै गएको अनुभव हुन्छ । कुनै समय धेरै प्रजातिका रुखले ढाकेको वन अहिले खण्डीकृत हुँदै क्षयीकरणतर्फ उन्मुख भएको भान हुन्छ ।



*वन विज्ञान अध्ययन संस्थानको जंगलमा देखिएका हरिणहरु ।*

वन भन्ने बित्तिक्कै रुखहरुले ढाकेको क्षेत्र मानिन्छ । जनसंख्याको बढ्दो चाप, ध्वनि प्रदुषण र वायु प्रदुषणलाई न्युनीकरण गर्न मद्दत गर्दछ र यसको सुक्ष्म जलवायुले तापमानलाई घटाउने काम गर्दछ । यहि वनले गर्दा हेटौंडाका वन वरिपरिका वस्तीहरुको तापमान बृद्धि हुन दिँदैन ।

यसै सन्दर्भमा दुई किसिमको सिद्धान्तहरु उल्लेख गर्न उपयुक्त होला ।

**१) कमजोर दिगोपना**: यस सिद्धान्तका अनुसार संसारका जुनसुकै प्राकृतिक श्रोतहरुलाई मानवीय श्रोतले सट्टा भर्ना गर्न सक्छ । उदाहरणका लागि प्राकृतिक श्रोत व्यवस्थापन र त्यसको दिगोपना कायम गर्न नसके नाउरु भन्ने देश जुन दक्षिणी गोलार्धको न्युजिल्याण्ड छेउको देशको जस्तो हुन्छ । सन् १९०० मा नाउरु टापुमा फोस्फेटको खानी पत्ता लाग्यो र त्यो फोस्फेट त्यतिखेरको संसारलाई अन्न उव्जनि गर्नका लागि मलको रुपमा प्रयोग हुँदै थियो । त्यहाँका अधिकांश क्षेत्र उत्खनन् गरेर उर्वर भूमि पनि तहस-नहस भयो । त्यहाँका नागरिकसँग धन, सम्पत्ति त टन्नै आर्जन भयो तर उर्वर जग्गा भने रहेन ।

**२) बलियो दिगोपना**: यस सिद्धान्त अनुसार संसारको जुनसुकै प्राकृतिक श्रोत सहायक हुन सक्छ । त्यसको बदलामा अर्को बस्तुले परिपूर्ति गर्न सक्दैन । उदाहरणका लागि वायुमण्डलमा रहेको ओजोन तहलाई मानवीय श्रोतले पुरताल गर्न सक्दैन । यसरी नै प्रयोगको हिसाबले काठको ठाउँमा आल्मुनियम, फलाम, स्टिल भए तापनि काठको महत्व वातावरणीय र पर्यावरणीय तवरले वातावरण अनुकुलित मानिन्छ । गाईबस्तुलाई घाँसको सट्टामा पोषक दाना त होला तर घाँसको महत्व अभिन्न छ ।

वनबाट सामान्यतय वस्तु र सेवा उपलव्ध हुन्छ । वस्तु भन्नाले काठ, दाउरा, घाँस, सोत्तर आदि भने सेवा भन्नाले वायुको गुणमा अब्बलता, पानीको सतह उच्च राख्न मद्दत, वायु प्रदुषणलाई सोस्ने काम, धुलो-धुँवा, रुखको पातमा टाँसेर घटाउने काम, सुन्दरता र पर्यावरणीय हिसाबले जैविक विविधता संरक्षण गर्दै पारिस्थितिकीय प्रणालीलाई चलायमान बनाउन मद्दत गर्दछ ।

यस प्रकारले वनलाई बुझियो भने वृक्षरोपण र त्यसको जर्गेनामा दोव्वर मात्रामा बृद्धि भई हेटौंडाको फोक्सोको संरक्षण र सुरक्षा हुन्थ्यो कि ? यसमा सरोकारवाला निकाय, बुद्धिजिवि, शिक्षक र वनप्रेमिको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ । हेटौंडाको सौन्दर्यमा अझ बढि लाभ यहींको नागरिकले प्राप्त गर्न सक्छ ।

*(लेखकले वनविज्ञान विषयको स्नात्तकोत्तर उपाधि हासिल गर्नुभएको छ ।)*

# ‘नि इमेई स्तो रुब्लेई, आ इमेई स्तो द्रुज्जेई !’

**मान्छेलाई पैसाले, धनसम्पत्तिले गाँजेको यो चरम भौतिक दुनियाँमा हत्तपत्त पैसो छोडेर एउटा साथीतिर बहुला कुकुरले टोक्या छ र लाग्ने ? यस्तो पनि तर्क आउन सक्छ । स्वभाविक छ कि पैसा र धन, सम्पत्ति कसलाई नचाहिएको छ र । तर यस लेखनीको शीर्षकले रुसी भाषामा भावनात्मक उत्तर दिएको छ, ‘नि इमेई स्तो रुब्लेई, आ इमेई स्तो द्रुज्जेई ! अर्थात् सय रुबल कमाउन भन्दा सय जना साथी बनाउनतिर लाग ।;**



**रामजी न्यौपाने**

पाठकबृन्द, शीर्षकको अर्थ बुझ्दै गइएला, एकैछिन धैर्यता राखौं ल ?

तपाईंलाई कसैले रुपियाँ-पैसा र साथीमध्ये कुनै एउटा कुरा रोज्न सुझायो भने के रोज्नुहोला ? ल हतार नगरिकन सोच्नुस् है ।

जवाफमा मलाई मेरै मन बुझ्न तपाईले प्रतिप्रश्न पनि गर्न सक्नुहोला, ‘अनि तिमीआफैं चैं के छान्छौ नी, पैसा कि साथी ?’

मलाई अलिकति चिन्ने-जान्नेले मेरो जवाफ सहजै अनुमान लगाउन सक्नुहुनेछ म के रोज्दो हुँ । म पनि आफ्नो मनको कुरा भने हतारमा चैं नखुलाई हालुँ ल...?

वास्तवमा हामी धेरै मान्छेमा कुनैपनि कुरामा सोचेर-बुझेर जवाफ दिने, सत्यतथ्य केलाएर, अलिकति विश्लेषण गरेर प्रतिक्रिया दिने भन्दा पनि तत्कालै यसै हो, उसै हो भनिहाल्ने बानी छ । सामाजिक सञ्जालमा यस्तो प्रवृत्तिले राम्रो कुरालाई नराम्रो र नराम्रो कुरालाई राम्रो पारी सनसनी नै फैलाएको देखिन्छ । अझ जे कुरालाई नि राजनीतिसित जोडी हेर्ने प्रवृत्ति हामी नेपालीमा व्याप्त छ । कुन पार्टीको हो, कुन गुटको हो, कसको पछाडिको मान्छे हो भनेर अनेक अनावश्यक संशय गरिन्छ । अनि फेरी पार्टीको होस् नहोस् एकातिर जोडिदिई हाल्ने प्रवृत्ति छ ।

अँ, कुरा रुपियाँ पैसा छान्ने कि साथी छान्ने भन्ने छ । तपाईंले ‘माइन्ड मेकअप’ गरिसक्नुभा हो त, पैसा रोज्नु हुन्छ कि साथी ?

मान्छेलाई पैसाले, धनसम्पत्तिले गाँजेको यो चरम भौतिक दुनियाँमा हत्तपत्त पैसो छोडेर एउटा साथीतिर बहुला कुकुरले टोक्या छ र लाग्ने ? यस्तो पनि तर्क आउन सक्छ । स्वभाविक छ कि पैसा र धन, सम्पत्ति कसलाई नचाहिएको छ र । तर यस लेखनीको शीर्षकले रुसी भाषामा भावनात्मक उत्तर दिएको छ, ‘नि इमेई स्तो रुब्लेई, आ इमेई स्तो द्रुज्जेई ! अर्थात् सय रुबल कमाउन भन्दा सय जना साथी बनाउनतिर लाग ।’

मेरा भाषा शिक्षक इगोर इभानोभिचले सन् १९८३ मै मलाई रुसी भाषामा रहेको यो भनाई घोकाएका थिए । त्यतिबेलादेखि नै मेरा ती गुरुले मलाई सुनाएका यो रुसी भनाई मेरा लागि गायत्रीमन्त्र भन्दा पनि उच्चस्तरको मन्त्रसमान रहिआएको छ । ल, खोलें त मेरा मनका कुरा ! बुझ्नु भो, म केलाई प्राथमिकतामा राख्दो रहेछु, पैसा कि सम्बन्ध । अनि तपाईं ?

मेरी सतिसावित्रीसित यस्तै-यस्तै कुराका प्रसंगमा मेरो बेलाबखत ठाकठुक परिरहन्छ,

उनीः तपाईं खाली साथी-साथी, परिवार-परिवार, दाजुभाइ-दाजुभाइ भन्नुहुन्छ, जमाना यस्तो छ ?

मः जमानाले मित्रता, परिवार अनि दाजुभाइ चाहिन्न, तोडिदेउ भन्या हो र ?

उनीः सबको ध्याउन्न पैसा कमाउने र धन सम्पत्ति जम्मा गर्ने तिरै छ । सबैलाई आफु कसरी बनुँ भन्ने मात्रै स्वार्थ छ । सम्बन्ध बिग्रिन्छ कि भनेर आफैं ठगिएर चुपचाप लागिरहने हो त ?

मः अरु मान्छेहरुले के सोच्छन्, के गर्छन्, त्यो उनीहरुको कुरा भयो । तिमी आफूले के सोच्ने, के गर्ने, त्यो तिम्रो कुरा हुन्छ नि बाबै ! साथीभाइ, परिवार र सम्बन्ध पैसाभन्दा धेरै महत्वपूर्ण हुन्छन् । यो कुरो नबुझेसम्म मानिसहरुले जतिसुकै पैसा कमाए पनि, धन-दौलत हासिल गरे पनि उनीहरुले सुख शान्ति पाउने छैनन् माता ! मित्रताले हामीलााई माया प्रेम, भावनात्मक सहयोग र रेखदेख प्रदान गर्दछ भने वास्तवमा पैसाले ती चिज प्राप्त गर्न सकिँदैन । मान्छे अन्तिममा के चाहन्छ ?

खुसी, शान्ति । त्यो पैसा, त्यो सम्पत्ति के काम, यदि तिनले तिमीलाई अन्ततोगत्वा खुसी र शान्तिको अनुभुति दिएको छैन भने, प्रिय !

अंग्रेजीमा अर्का एकजना विद्वानको मनन्योग्य भनाई छ, ‘इफ मनी स्पिक्स् द ट्रूथ लुजेज ।’ अर्थात् यदि रुपियाँ पैसाको बोलवाला भयो भने सत्य गुम्न पुग्दछ । त्यसकारण पनि हामी सारा मित्रता र सम्बन्धहरु तोडिने गरी पैसाको र धन सम्पत्तिको पछाडि लाग्नु बुद्धिमानी हुँदैन । रुपियाँ-पैसा भनेको जीवन चलाउनका लागि मानिसले मानेको र सजिलोका लागि अपनाएको एउटा माध्यम वा साधन न हो, जीवनको साध्य नै चैं होइन । जीवनको साध्य त खुसी हो, शान्ति हो ।

मेरा रुसी भाषा गुरु उनै इभानोभिचले ४० वर्षअघि मलाई कक्षामा सुनाएका रुसी “नि इमेई स्तो रुब्लेई, आ इमेई स्तो द्रुज्जेई” भनाईले विहंगम अर्थ बोकेको छ । सय रुबल कमाउने भन्दा सयजना साथी बढाउ भन्नुको आशय रुपियाँ पैसाको पटक्कै वास्तै नगर्नु भनेको होइन । यो भौतिक दुनियामा भौतिक शरीर लिएर आएपछि यसको आवश्यकता पूर्तिका लागि वा जीवन चलाउनका लागि केही न केही कमाई-धमाई नगरीकन त भएन । त्यसका लागि कुनै काम र पेशा गर्न पनि जरुरी हुन्छ । तर काम-काम, पैसा-पैसा, सम्पत्ति-सम्पत्ति भनेर त्यसकै मात्रै पछि लाग्नाले मान्छे झन् बढी दुःखमा फस्न पुग्दछ ।

अनि साथी बढाउ भन्नुको अर्थ मित्रता बढाउ, साथीभाई, परिवारबीच सम्बन्धहरु ठीक राख, पैसा र सम्पत्तिसित सम्बन्धलाई नदाँज भनेको हो । साथी बढाउने नाममा जस्तो भएपनि साथी बढाउ भनेको पनि होइन । मित्रभाव राख्नु भनेको हो । साथ दिन-लिन सकिने भएकोले नै साथी भनिएको हो, दुःख सुखमा साथ । तपाईं साथीलाई आर्थिक र भौतिकरुपमा साथ दिन सक्नुहुन्न भने पनि अन्य भावनात्मक साथ दिन-लिन सक्नुहुन्छ, जुन पैसाले किन्न सकिँदैन । कतै भित्तामा लेखिएको याद हुन्छ, पैसाले के किन्न पाईन्छ, के किन्न पाइँदैनः

*- विछ्यौना किन्न पाइन्छ, निद्रा किन्न पाईंदैन ।*

*- खाना किन्न पाइन्छ, भोक किन्न पाईंदैन ।*

*- सेक्स किन्न पाइन्छ, प्रेम किन्न पाईंदैन ।*

*- पानी किन्न पाइन्छ, प्यास किन्न पाईंदैन ।*

*- सहयोगी पाउन सकिन्छ, परिवार पाउन सकिँदैन ।*

*त्यसकारण पनि पाठकबृन्द, ‘नि इमेई स्तो रुब्लेई, आ इमेई स्तो द्रुज्जेई’ ! जय होस् ।*

# मकवानपुरमा एक महिनामै यौन दूर्व्यवहारका ७ घटना

समाज संवाददाता

हेटौँडाः मकवानपुरमा पछिल्लो समय बलात्कार तथा यौन दुर्व्यवहारका बढेको छ । साउन महिनामा मात्रै मकवानपुरमा बलात्कार तथा यौन दुर्व्यवहारका ७ वटा घटना भएको प्रहरीले जनाएको छ। प्रहरीमा दर्ता भएका घटनामा सबैजसो किशोरी पीडित भएको पाइएको छ।

गत असार २८ गते दिउँसो १२ बजेको समयमा हेटौंडा-४ मा १३ वर्षीया बालिकालाई फकाएर बिवाह गर्छु भनेर पटक-पटक जबरजस्ती गरेको भन्दै पीडितले प्रहरीमा उजुरी दिएको छ । प्रहरीले आरोपितलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ । यस्तै साउन ८ गते दिउँसो २ बजेको समयमा मकवानपुरको भीमफेदी गाउँपालिका-१ स्थित बागचौरमा ३ वर्षीय नाबालिकामाथि जबरजस्तीकरण भएको छ । १४ वर्षीय किशोरले जबरजस्ती करणी गरेको भनी प्रहरीमा जाहेरी आएपछि आरोपित किशोरलाई प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको छ ।

यस्तै साउन ५ गते राति १० बजे समयमा मकवानपुरगढी गाउँपालिका वडा-७ स्थित दुगेपानीका २६ वर्षीय जित बहादुर मोक्तानले १६ वर्षकी किशोरीलाई विवाह गर्छु भनी प्रलोभन देखाई जबरजस्ती करणी गरेको जनाएको छ । मोक्तानलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको जनाएको छ ।

साउन २४ गते दिउँसो ३ बजेर ३० मिनेटको समयमा हेटौंडा-८, कमानेमा १४ वर्षीया बालिकाले आफुलाई इच्छाविपरीत जबरजस्तीकरणी भएको भन्दै प्रहरीमा जाहेरी दिएकी छिन् । पीडकलाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको छ । जिल्ला प्रहरी कार्यालयमा जबरजस्तीकरणका ७ मुद्दा दर्ता भएको छ भने ४ जना आरोपितलाई पक्राउ गरेको छ । ३ जना आरोपी फरार छन् ।

सामाजिक सञ्जालमा चिनजान भएकै आधारमा किशोर-किशोरीबीच यौनसम्बन्ध कायम भएको, किशोर-किशोरीबीच प्रेम सम्बन्धका आधारमा सहबास भएको कुरा किशोरीको परिवारले थाहा पाएपछि सकेसम्म छुटाउन खोज्ने र नछुट्टिए बलात्कार, जबर्जस्ती करणीको मुद्दा दर्ता हुने अवस्था रहेको प्रहरीको भनाइ छ । यौन दुर्व्यवहार, बालयौन शोषणकै अभियोगमा ६२ वर्षीय, ७४ वर्षीय ज्येष्ठ नागरिक पनि जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा छन् । गत आर्थिक वर्ष २०७९/८० मा मकवानपुर जिल्लामा ४५ वटा जबर्जस्ती करणीका घटना, ६ वटा जबर्जस्ती करणीको उद्योग गरेको घटना र ७ वटा बाल यौन दुर्व्यवहारको घटनासम्बन्धी मुद्दा दर्ता भएको छ ।

कानुन व्यवसायी मोहन ढकालका अनुसार १० वर्षभन्दा कम उमेरका बालिकालाई करणी गरेमा १६ देखि २० वर्षसम्म कैद सजाय हुने कानुनी व्यवस्था छ । यस्तै १० वर्षभन्दा माथि १४ वर्षभन्दा कम उमेरको बालिकाको हकमा १४ वर्षदेखि १६ वर्ष कैद सजाय, १४ देखि १६ वर्षका बालिकाको हकमा १२ वर्षदेखि १४ वर्ष कैदको व्यवस्था छ । यस्तै १६ वर्षदेखि १८ वर्षका बालिकाको हकमा १० वर्षदेखि १२ वर्ष कैद र १८ वर्षभन्दा माथिको महिलाको हकमा ७ देखि १० वर्ष कैद सजाय हुने कानुनी व्यवस्था छ । यो कानुन सबैका हकमा बराबर लाग्ने उहाँले बताउनुभयो । यस्तै पीडितलाई क्षतिपूर्ति पनि दिनुपर्ने व्यवस्था छ । आरोपित दोषी ठहरेमा बालक भए बालसुधार गृहमा राख्ने र १८ वर्षमाथिको भए कारागारमा राख्नेछन् ।

बालबालिकाको क्षेत्रमा काम गरिरहेको संस्था बाल हेल्पलाइन मकवानपुरका संयोजक झविन्द्र ज्ञवालीले यसरी बलात्कारका घटना बढ्दै जानु दुखद् रहेको बताउनुभयो । अहिले सबै कुरा बुझेर पनि लापरबाही हुँदा यस्तो घटना बढेको हुन सक्ने उहाँको भनाई छ । अभिभावकले आफ्नो बालबालिकाको राम्ररी हेरचार नगर्दा, सचेत नगराउँदा यस्तो घटना हुने गरेको उहाँले बताउनुभयो । बालबालिकाहरु पनि सामाजिक सञ्जालको दुरुपयोग गर्दा र अभिभावकसँग सल्लाहबिना निर्णय लिंदा यस्तो घटना हुन सक्ने उहाँले बताउनुभयो। अहिले बाल दुर्व्यवहारको घटना पनि बढेको पाइएको उहाँले बताउनुभयो। अहिले बाल दुर्व्यवहार भएर मुद्दा चल्ने तर पीडित बालिकाले न्याय नपाएको होकी भन्ने आफुलाई लागेको उहाँले बताउनुभयो । यस्ता प्रकृतिका मुद्दा कतिपय राजनीतिसँग जोडेर आएको हुने उहाँले बताउनुभयो । राजनीतिसँग जोडिएका घटनाहरु दबावका कारण फिर्ता हुने गर्दा घटनामा पीडितले न्याय नपाउन सक्ने उहाँले बताउनुभयो ।

यस्ता खालको घटनामा पीडक भनिएको पनि फस्न सक्ने सम्भावना हुने भएकाले घटनालाई निष्पक्ष ढङ्गबाट हेर्नुपर्ने उहाँले बताउनुभयो। घटनालाई राम्रोसँग अनुसन्धान गरी वास्तविक पीडतलाई न्याय दिनुपर्ने र पीडकलाई कारबाही गर्ने वातावरण बन्नुपर्ने उहाँको भनाई छ । यस्ता खालको घटना कम गर्न अभिभावक नै जिम्मेवारी हुनुपर्ने उहाँले बताउनुभयो । बाल हेल्पलाईनले बालबालिकाको क्षेत्रमा हुने सबै खाले घटनाबारेमा नजिक रहेर काम गरिरहेको उहाँले बताउनुभयो ।

# जय शम्भु र चन्दनले बिक्री बन्द गऱ्यो




*मंगलबार बन्द अवस्थामा दुई मिठाई पसल ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१०, मेनरोडस्थित जय शम्भु मिष्ठान्न भण्डार र हेटौँडा-४, कान्तिराजपथस्थित चन्दन स्वीट्स एण्ड बेकरीले मंगलबार बिक्री वितरण रोकेको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले अनुगमनका क्रममा उत्पादन तथा बिक्री वितरणका क्रममा सरसफाईमा ध्यान नदिएको भनी जय शम्भु र चन्दन स्वीट्सलाई उत्पादन र बिक्री वितरणमा रोक लगाए पनि सोमबार दुबै पसलले बिक्री वितरण नियमित गर्दै आएको थियो ।

स्थानीय प्रशासन, प्रहरी, सरकारका प्रतिनिधिको सहभागितामा संयुक्तरुपमा अनुगमन गरी रोक लगाउँदा समेत बिक्री वितरण जारी राखेको भनी समाचार प्रकाशन भएपछि दुबै पसलले बिक्री वितरण रोकेको हो । दुबै पसलले अनुगमनका क्रममा सुधार गर्न दिइएको निर्देशन पालना गर्दै सुधार गर्न सुरु गरेको छ । उत्पादन, बिक्री केन्द्रमा सरसफाई गर्न दिइएको निर्देशन अनुसार दुबै पसलले सुधारको कार्य गरिरहेको छ ।

चाडपर्व सुरु भएसँगै खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले बजार अनुगमन सुरु गरेको हो । अनुगमनपछि दिइएको निर्देशनविपरित विक्री वितरण जारी राखेको खबर प्राप्त भएपछि स्थानीय प्रशासन र प्रहरीलाई निगरानी गर्न र निर्देशन कार्यान्वयन गराउन जानकारी गराइएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौँडाका प्रमुख क्षीतिज श्रेष्ठले जानकारी दिनुभएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

## खाद्यान्न धानको लिलाम बिक्री सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मितिः-२०८०/०५/६ गते*

उपरोक्त सम्बन्धमा यस कार्यालयमा मौज्दात रहेको धान बीउ खाद्यान्नको रुपमा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले निम्न परिमाण तथा शर्तनामाको अधिनमा रही रितपुर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.स. | विवरण | परिमाण (मे.टन) |
|---|---|---|
| १. | धान -सावित्रि | ३.५७० |

**शर्तहरूः**

१. यो सुचना प्रथम पटक प्रकाशित मितिले २१ औं दिनको १२:०० बजे सम्म रु. २,०००/- (फिर्ता नहुने गरी) तिरी बोलपत्र फारम यस कार्यालयबाट कुनै पनि ईच्छुक व्यक्ति, फर्म वा संघ-संस्थाले खरिद गर्न सक्ने छ ।

२. खरिद गरेको बोलपत्रमा आफुले लिन कबोल गरेको दररेट राखी शिलबन्दी गरी प्रथम पटक प्रकाशित मितिले २१ औं दिनको २:०० बजे भित्र आवश्यक कागजात (व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा संघ-संस्थाको हकमा फर्म वा संघ-संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, करचुक्ताको प्रमाणपत्र प्रतिलिपि) सहित यस कार्यालयमा पेश गर्नु पर्ने छ । नियमानुसार पर्न आएका बोलपत्रहरुलाई सोही दिन, दिनको ३:०० बजे विभिन्न कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजको प्रतिनिधीहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन् ।

३. बोलपत्रदाताले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी बापतको रकम यस कार्यालयको प्रभु बैंक लि., हेटौँडा शाखा स्थित खाता नं. ०७१००२८०४४४०००११ मा नगद जम्मा गरी सो को सक्कलै बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

४. बोलपत्रदाताले रितपुर्वक सहिछाप एवम् शिलबन्दी गरी यस कार्यालयमा बोलपत्र दर्ता गर्नु पर्ने छ ।

५. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको खाद्यान्न धानको दररेट बोलपत्र फारममा अंक र अक्षर समेतमा प्रष्टसँग उल्लेख गर्नुपर्ने छ। केरमेट भएमा अक्षरमा उल्लेखीत दररेटलाई मान्यता दिईने छ ।

६. बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको जानकारी पाएको सात (७) दिन भित्रमा आफुले कबोल गरेको दररेटबाट हुन आउने रकम यस कार्यालयको प्रभु बैंक लि., हेटौँडा शाखा स्थित खाता नं. ०७१००२८०४४४०००११ जम्मा गरी बील कटाई जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा सम्पुर्ण समान आफ्नै बोरामा कस्ति गरी उठाई लैजानु पर्ने छ । निर्धारीत समय भित्र समान उठाई नलगेमा निजले राखेको धरौटी रकम जफत गरी कम्पनीको नियमानुसार कारवाही अगाडी बढाईने छ ।

७. बोलपत्र स्वीकृत भएपछि कम्पनीको गोदामबाट समान उठाई लैजान लाग्ने सम्पुर्ण खर्च स्वयम् बोलपत्रदाताले नै व्यहोर्नु पर्ने छ । सामान कस्ती गरेर राखेको बोरा कम्पनीले उपलब्ध गराउने छैन् ।

८. रित नपुगेको वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन् ।

९. प्राप्त भएको बोलपत्र पूर्ण वा आंशिक स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. यस सम्बन्धि केही थप जानकारी चाहिएमा वा लिलाम बिक्री हुने समानको नमुना हेर्न चाहेमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

११. अन्य कुरा प्रचलित कानुन बमोजिम हुने छ ।

कृषि सामग्री कम्पनी लि.
बागमती प्रादेशिक कार्यालय
हेटौंडा औद्योगिक क्षेत्र, मकवानपुर
०५७-४१२४५७

## शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०५/०६ गते*

**उपरोक्त सम्बन्धमा शिक्षा विकास महाशाखा हेटौंडा मकवानपुरको मिति २०८०/०५/०३ को प्राप्त वा.वि.स.का. पदपूर्ति अनुमति पत्र र वि.व्य.स. को मिति २०८०/०५/०५ को बैंठकको निर्णय अनुसार यस विद्यालयमा बाल विकास सहजकर्ताको आवश्यक परेको हुँदा उक्त पदपूर्तिको लागि योग्य इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हानका लागि यो विज्ञापन प्रकाशित गरिएको छ । साथै यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र)दिन भित्र १८ वर्ष पूरा भै ४० वर्ष उमेर ननाघेको तपशिल उल्लेखित आवश्यक कागजातहरु सहित निवेदन आव्हान गरिन्छ ।**

**तपशिल**

| क.सं. | विज्ञापन नं. | नियुक्तिको प्रकार | संख्या | शैक्षिक योग्यता | दस्तुर |
|---|---|---|---|---|---|
| १ | १–०८०/०८१ | करार दरबन्दी | १ | शिक्षा शास्त्र संकाय कम्तिमा १२ कक्षा उत्तिर्ण | ५००/– |

**२. तलब सुविधाः वा.वि.स. कोटाको सुविधा अनुसार**
**३. परीक्षाको किसिमः लिखित, मौखिक**
**४. सम्पर्क मितिः अन्तिम मितिको भोलिपल्ट**
**५. पेश गर्नुपर्ने कागजातहरुः नागरिकताको (नेपाली) प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाण पत्रको फोटोकोपी २/२ प्रति**

**श्री हिमगंगा आधारभूत विद्यालय**
**विन्ध्यवासिनी टोल, हेटौंडा–८, मकवानपुर**
**सम्पर्कः ९८६५४०९४९० (प्र.अ.), ९८५५०३९६०० (अध्यक्ष वि.व्य.स.)**

## शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०५/०४ गते*

**उपरोक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको च.नं. १३३, मिति २०८०/०५/३ को प्राप्त पदपूर्ति अनुमतिपत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०५/०४ गतेको बैठकको निर्णयअनुसार यस विद्यालयमा रिक्त रहेको नि.मा.वि. गणित (राहत) पदमा एक जना शिक्षक आवश्यक रहेको हुँदा इच्छुक योग्य नेपाली नागरिकबाट तपशिल बमोजिम दरखास्त आव्हान गरिन्छ ।**

**तपशिल**

**१. विज्ञापन नं. २/०८०/०८१**
**२. तहः नि.मा. वि. गणित (राहत)**
**३. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।**
**४. न्यूनतम शैक्षिक योग्यताः १०+२ वा सो सरह उत्तीर्ण ।**
**५. परीक्षाको किसिमः लिखित, मौखिक, आवश्यक परेमा कक्षा अवलोकन ।**
**६. सेवा सुविधाः नेपाल सरकारको नियमानुसार**
**७. दरखास्त दस्तुरः रु. १,५००/–**
**८. दरखास्त दिने अन्तिम मितिः २०८०/०५/१८ गते विद्यालय समयसम्म ।**
**९. सम्पर्क मिति : २०८०/०५/१८ गते**
**१०. परीक्षा मितिः सम्पर्क मितिमा जानकारी गराइनेछ ।**
**११. आवश्यक कागजातहरुः**
**क) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी १ थान ।**
**ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ थान ।**
**ग) अध्यापन अनुमतिपत्रको प्रतिलिपी १ थान ।**
**घ) हस्त लिखित निवेदन १ प्रति ।**
**ङ) नबिल बैंकमा रहेको खाता नं. २२१०१०१७५००२५४ मा जम्मा गरेको सक्कली भौचर १ प्रति**
(sharadaschool020@gmail.com) **मा Mail गरी अनलाईन मार्फत पनि पनि फर्म भर्न सकिनेछ ।**

**नोटः-**
**१) शिक्षक सेवा आयोगबाट लिएको परीक्षाको करार लिष्टमा भएका उम्मेद्वारलाई विज्ञापन भएको मितिले ७ (सात)दिन भित्रमा निवेदन पर्न आएमा योग्यताक्रमको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम छनोट गरी नियुक्त दिइने छ ।**

**श्री शारदा माध्यमिक विद्यालय**
**मकवानपुरगढी–५, धादिङ**
**सम्पर्कः ९८५५०८८५१३ (प्र.अ.), ९८४५१०२८८७ (वि.व्य.स. अध्यक्ष)**




समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

# क्रिकेटमा प्रदेशकै उत्कृष्ट मकवानपुर



रोहित थापा क्षेत्री

हेटौंडाः मकवानपुर जिल्लामा ६ जना राष्ट्रिय र २ जना अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरु क्रिकेट खेलमा आवद्ध रहेका छन् । अन्तर्राष्ट्रिय स्तरमा आवद्ध हुने खेलाडीहरु यु–१९ क्रिकेट प्रतियोगितामा अष्ट्रेलिया विश्व कप खेलेर विभिन्न प्रतियोगितामा सहभागी भएको र यु–१६ को राष्ट्रिय टिमबाट खेलेको मकवानपुर जिल्ला क्रिकेट संघका अध्यक्ष करण महत्रा क्षेत्रीले बताउनुभयो ।

मकवानपुर जिल्ला क्रिकेट खेलमा बागमती प्रदेशकै उत्कृष्ट जिल्ला भएकाले सबै खेलाडीहरुले आफ्नो जिल्लाको नाम उच्चस्तरमा पुर्‍याउने उद्देश्यले एकदमै अब्बल प्रतिक्रिया दिइरहेको उहाँले जानकारी दिनुभयो । मकवानपुर जिल्लामा क्रिकेट मैदानको अभाव भएका कारण हेटौंडा–४ मा रहेको हुप्रचौरलाई नै प्रशिक्षणस्थल बनाई विभिन्न प्रतियोगिता तथा प्रशिक्षण गराइरहेको कारणले खेलाडीहरुको संख्यामा कमी आएको अध्यक्ष क्षेत्रीले जानकारी दिनुभयो ।

मकवानपुर जिल्लालाई नेपालभर क्रिकेट खेलमार्फत् चिनाउने उद्देश्यले खेलाडीहरुलाई विभिन्न प्रतियोगिता तथा अभ्यास खेलमा सहभागी गराउँदै आएको क्रिकेट संघका सचिव विनोद बानियाँले बताउनुभयो । मैदानको अभाव भएता पनि खेलाडीहरुलाई जिल्ला–जिल्लाबीचको मैत्रीपूर्ण खेलहरुमा सहभागी गराउने, अन्य जिल्लामा भएको विभिन्न प्रतियोगितामा सहभागी गराउने गरेको र विगतमा विद्यालयस्तरीय, क्लबस्तरीय प्रतियोगिताहरु गराउँदै आइरहेको उहाँले बताउनुभयो ।

उत्कृष्ट खेलाडी बन्न अनुशासनको पालना गर्नुका साथै पौष्टिक आहारमा ध्यान दिनुपर्ने, नियमित तालिम तथा अभ्यास गर्नुपर्ने, व्यायाम आराम निद्रामा ध्यान दिनुपर्ने सचिव बानियाँले बताउनुभयो । जिल्लाभित्र क्रिकेट खेलको विकास गर्ने लक्ष्यसहित मकवानपुर जिल्ला क्रिकेट संघले स्कूलस्तरीय, क्याम्पसस्तरीय, क्लबस्तरीय प्रतियोगिता गराउने गरेको उहाँले जानकारी दिनुभयो ।

क्रिकेट खेलको विकास गर्ने उद्देश्यले हेटौंडा उपमहानगरपालिकाले केज निर्माणका लागि १० लाख तथा विभिन्न प्रतियोगिताका लागि ५ लाख बजेट बिनियोजन गरेको सचिव बानियाँले बताउनुभयो । स्थानीय सरकारले आर्थिक अवस्था कमजोर भएका खेलाडीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने, क्रिकेट खेलका लागि आवश्यक सामग्री सहयोग गर्ने, प्रशिक्षण तथा प्रतियोगिताको लागि आवश्यक सहयोग गर्ने र भौतिक पूर्वाधार निर्माण एवम् प्रशिक्षकको व्यवस्था गर्ने गरेमा खेलाडीहरुको अझ चाप बढ्ने उहाँले जानकारी दिनुभयो ।

यसवर्ष बागमती प्रदेश खेलकुद विकास परिषद्ले क्रिकेट रङ्गशाला निर्माणका लागि मन्त्रालयमार्फत् ४ करोड बजेट पाएको बताउनुहुँदै सो रकमले पिच तथा खेलमैदान निर्माण गर्न सचिव बानियाँले आग्रह गर्नुभएको छ ।

## ८० शाखा अधिकृत गाउँपालिकामा खटाइए

काठमाडौंः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ८० जना शाखा अधिकृतलाई एकैपटक गाउँपालिकामा खटाएको छ। मन्त्रालयको कर्मचारी प्रशासन महाशाखाले नयाँ नियुक्त भएका, ६ महिना तालिम सकेका शाखा अधिकृतहरुलाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रुपमा खटाएको छ ।

गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत प्रशासनतर्फको शाखा अधिकृत हुने कानुनी व्यवस्था अनुसार नै नयाँ शाखा अधिकृतहरुलाई खटाइएको स्थानीय तह कर्मचारी प्रशासन शाखाका उपसचिव खिलराज राईले जानकारी दिए । प्रमुख प्रशासकीय अधिकृत खटाउन सचिवस्तरीय निर्णय हुनुपर्ने भए तापनि मन्त्रालयका सचिव कृष्णहरि पुष्करले सहसचिव हेमराज तामाङलाई शाखा अधिकृतसम्मको सरुवाको जिम्मेवारी प्रत्यायोजन गरेका छन् ।

'नयाँ शाखा अधिकृत सरुवा गर्दा लोकसेवा आयोगको योग्यता क्रमलाई ६० प्रतिशत र ६ महिना तालिम लिएकोलाई ४० प्रतिशत गरी एकमुष्ट योग्यता क्रम निर्धारण गर्‍यौं, त्यसपछि एकातिर रिक्त गाउँपालिकामा योग्यता क्रम अनुसार छान्न दिएर उनीहरुलाई गाउँपालिकामा पठाएका हौं', उपसचिव राईले भने । मन्त्रालयका अनुसार अब प्रमुख प्रशासकीय अधिकृत रिक्त स्थानीय तहमा ४० भन्दा थोरै रहेको छ ।

*स्रोतः अनलाइनखबर ।*

## मोविल छ्याप्ने दुइजना धरौटीमा छुटे

समाज संवाददाता

हेटौंडाः क्रिकेट एसोसिएसन अफ नेपाल (क्यान) का कार्यवाहक सचिव दुर्गाराज पाठकमाथि मोविल छ्याप्ने २ जनालाई जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनही १० हजार रुपैयाँ धरौटीमा छाडेको छ। मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईले आइतबार जनही १० हजार रुपैयाँ धरौटीमा छाड्न आदेश दिनुभएको हो ।

साउन २७ गते शनिबार हेटौंडामा क्रिकेट एसोसिएसन अफ नेपाल (क्यान) को मकवानपुर जिल्ला समितिको अधिवेशनमा सहभागी हुन आउनुभएका कार्यवाहक सचिव पाठकमाथि मोबिल छ्याप्ने ३ जना मध्ये हेटौंडा-१३, वनस्पतीका प्रिन्स भनिने बलवीर लामा र हेटौंडा-१९, बस्तीपुरका विशाल गुरागाई पक्राउ परेका थिए। अर्का एकजना अझै फरार छन् । साउन २८ गते आइतबार दिउँसो लामा र गुरागाईलाई प्रहरीले पक्राउ गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले पक्राउ परेका दुबैजनालाई धरौटीमा छाडिएको जानकारी दिनुभयो । अर्का फरार चितवन जिल्लाको भएकोले चितवन प्रहरीलाई नै खोजी गरी पक्राउ गर्न पत्राचार गरिएको प्रवक्ता कार्कीले बताउनुभएको छ। हेटौंडा-४ स्थित क्वीक-२० होटलमा खाना खाइरहेको समयमा कार्यबाहक सचिव पाठकमाथि मोविल छ्यापिएको थियो ।

## गाँजासहित दुईजना पक्राउ




*गाँजासहित साह र दासलाई प्रहरीले सार्वजनिक गर्दै ।*

समाज संवाददाता

हेटौंडाः लागुऔषध गाँजासहित २ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । मंगलबार बिहान साढे ९ बजेको समयमा हेटौंडा-१०, बसर्पाबाट धनुषा जिल्लाको सागरनाथ नगरपालिका-८ का ४३ वर्षीय देवनारायण दास र सिराहा जिल्लाको कर्जनहा नगरपालिका-८ का ४२ वर्षीय रामसागर साहलाई प्रहरीले ९ केजी लागुऔषध गाँजासहित पक्राउ गरेको हो ।

हेटौंडाबाट जनकपुरतर्फ जाँदै गरेको ना ५ ख २१६५ नम्बरको बसमा सादा पोशाकमा रहेका प्रहरी टोलीले सुरक्षाजाँच गर्दा बसमा सवार दास र साहलाई पक्राउ गरेको हो । दासको साथबाट प्रहरीले ३० हजार रुपैयाँ पनि बरामद गरेको जनाएको छ । प्रहरीले दुबैजनालाई हिरासतमा राखी आवश्यक अनुसन्धान गरिरहेको मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभएको छ ।

## निशूल्क पाठेघर स्वास्थ्य परीक्षण
# ९१ जनाले लिए सेवा

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, थानाभन्याङ्गस्थित नेपाल परिवार नियोजन संघको कार्यालयमा बुधबार निःशुल्क पाठेघरको मुखको क्यान्सर परीक्षण शिविर भएको छ । परिवार नियोजन संघसँगको सहकार्यमा आयोजना गरिएको शिविरमा ९१ जनाले सेवा लिएका छन् ।

शिविरमा स्वास्थ्यजाँचसँगै औषधी पनि निःशूल्क वितरण गरिएको थियो । परीक्षण गराएका मध्ये ९ जना महिलामा समस्या देखिएको छ । समस्या देखिएका महिलालाई थप उपचारको सुविधा समेत प्रदान गरिने बताइएको शिविरको आयोजक लायन्स क्लब अफ हेटौंडा पाथीभरा स्वर्णकी अध्यक्ष अप्सरा मानन्धरले जानकारी दिनुभयो । शिविरमा वरिष्ठ स्टाफ नर्स ममिता श्रेष्ठले स्वास्थ्यजाँच गर्नु भएको थियो ।

"पाठेघरको क्यान्सरको जोखिम रोकथामका लागि जाँच गर्न अति आवश्यक रहेको छ", स्टाफ नर्स श्रेष्ठले भन्नुभयो, "जाँच नगरे जोखिम हुने सम्भावना हुन्छ। छिटो जाँच गरे समस्या धेरै नबढ्ने, समस्याको समाधान गर्न सकिन्छ ।" लायन्स क्लब अफ हेटौंडा पाथीभरा स्वर्णले गत वर्षदेखि सचेतना कार्यक्रम गर्दै आएको छ ।

## ९ जनामा डेंगु पुष्टि

समाज संवाददाता

हेटौंडाः पछिलो २४ घण्टाको अवधिमा मकवानपुरमा ९ जनामा डेंगु पुष्टि भएको छ । मंगलबार स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरणअनुसार हेटौंडा उपमहानगरपालिकाभित्रका ६ जनामा डेंगु देखिएको छ। यस्तै, मनहरी गाउँपालिकाका २ जना र बकैया गाउँपालिकाका १ जनामा डेंगु पुष्टि भएको हो ।

मकवानपुरमा साउनयता २ सय ६ जनामा डेंगु देखिएको छ भने एक जनाको मृत्युसमेत भएको छ । डेंगु देएिकामध्ये हेटौंडाका मात्र १ सय ५१ जना रहेका छन्। हेटौंडा उपमहानगरपालिकाभित्र साउन महिनामा ७२ पुरुष र ६९ महिलामा डेंगु देखिएको स्वास्थ्य अधिकारी नवदीप सिलवालले जानकारी दिनुभयो ।

यस्तै, हेटौंडा अस्पतालमा पछिलो २४ घण्टामा ४० जनाले डेंगु जाँच गराएका छन् । डेंगु जाँच गराएका ४० जनामध्ये ३ जनामा डेंगु देखिएको छ । अस्पतालमा २ महिला र १ पुरुषमा डेंगु पुष्टि भएको हेटौंडा अस्पतालका प्रयोगशाला प्राविधिक राजकुमार शर्माले बताउनुभयो ।

हेटौंडा अस्पतालका चिकित्सक कमल दवाडीका अनुसार अहिलेसम्म डेंगु भयङ्कररुपमा देखिएको छैन । उनका अनुसार डेंगुबाट बच्न लामखुट्टेबाट बच्ने, पूरै जिउ छोप्ने कपडा लगाउने, घरको झ्याल ढोकामा जाली हाल्ने र बाहिर निस्किनुपरेमा लामखुट्टेबाट बच्ने मल्हम लगाएरमात्र निस्किनुपर्ने बताउनुभएको छ । मानिसमा धेरै चहलपहल रहेका कारण पनि डेंगु बढेको हो ।

डेंगु जाँच गराउन आउने मानिसमा डर भएको, तर डरअनुसार डेंगु नभेटिएको डा. दवाडीले बताउनुभयो । गर्भवतीमा डेंगु देखिए अरुभन्दा धेरै खतरा हुन्छ । डेंगुका कारण बच्चाको गर्भपतनसमेत गर्नुपर्ने हुनसक्ने उहाँको भनाइ छ । डा. दवाडीका अनुसार गत वर्ष धेरैमा डेंगु देखिएको थियो, मानिसले बुझे भने यो वर्ष त्यति डेंगु नबढ्न सक्छ ।

## जिल्ला कारागारमा कैदीको मृत्यु

समाज संवाददाता

हेटौंडाः जिल्ला कारागार रामेछापमा एकजना कैदीको मृत्यु भएको छ । जबर्जस्ती करणीको मुद्दामा जन्मकैद सजाय भोगिरहेका रामेछाप जिल्लाकै उमाकुण्ड गाउँपालिका-६, रोटेका ८४ वर्षीय पदमबहादुर श्रेष्ठको सोमबार बिहान मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

२०७७ साल असार २८ गतेदेखि रामेछाप कारागारमा कैद सजाय भोगिरहेका श्रेष्ठ पहिलेबाट प्यारालाईसिस र उच्च रक्तचापको औषधी सेवन गर्दै आएका थिए ।

सोमबार बिहान साढे ५ बजेको समयमा बाथरुममा लडेर घाइते भएका श्रेष्ठलाई उपचारका लागि जिल्ला अस्पताल रामेछापडाँडा लगिएको थियो । उपचारको क्रममा श्रेष्ठको मृत्यु भएको प्रहरीले जनाएको छ ।

## लघुकथा दिवसमा कथावाचन



समाज संवाददाता

हेटौंडाः लघुकथा दिवसको अवसरमा हेटौंडामा लघुकथा वाचन कार्यक्रम भएको छ । सोमबार (भदौ ५ गते) लघुकथा दिवसको अवसरमा लघुकथा चौतारी मकवानपुरले हेटौंडा-४ स्थित चिल्ड्रेनपार्कको पुस्तकालयमा लघुकथा वाचन कार्यक्रमको आयोजना गरेको हो । लघुकथा चौतारी मकवानपुरका संयोजक किशन पौडेलको सभाध्यक्षमा भएको सुन्ने सुनाउने अभियानको चौथो शृङ्खलामा मातृभूमि साहित्य समाजका अध्यक्ष माधव पोखेलको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा झरना साहित्यिक परिवारका संस्थापक अध्यक्ष नियात्राकार रमेशमोहन अधिकारी, मुक्तक मञ्च मकवानपुरका अध्यक्ष डीबी बर्तौला, चिल्ड्रेनपार्क टोल विकास संस्थाका अध्यक्ष एवम् मुक्तककार गणेशकुमार श्रेष्ठ, महाकाव्यकार मुना धिताल, लघुकथाकार अनन्तराज उपाध्याय, साहित्यकार राम कुमार बिस्ट अङ्कल, समाजसेवी बद्री लम्सालको पनि आतिथ्य रहेको थियो ।

स्वादिष्ट नेवारी खाजा



अब होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायत

**सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,**

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ